# विकास उद्यमी छात्रवृति

पढ्न जाने (www.padhnajane.com), एक नि: शुल्क अनलाइन शैक्षिक प्लेटफर्म हो। यसमा युवाहरूका लागि नेपालमै वा विदेशमा भएका विभिन्न उच्च शिक्षाका अवसरहरूबारेमा जानकारी दिइन्छ। विकास उद्यमीले बनाएको यो प्लेटफर्मले विद्यार्थीहरूलाई सजिलै प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम दिने संस्थाहरु (टीईभिटी), कलेजहरु, विश्वविद्यालयहरूको शैक्षिक जानकारी सँगै नेपाल, अष्ट्रेलिया, जापान र युएसएमा पाइने छात्रवृत्तबारे पनि जानकारी दिइन्छ। पढ्न जानेले आवेदन प्रक्रिया, माइग्रेसन तथा भिसा, नँया ठाउँमा बस्ने र घुलमिल हुने तरिका, र दैनिक विद्यार्थी जीवनमा चाहिने सम्पूर्ण जानकारी र सुझावहरूलाई विभिन्न लेख, अन्तर्वार्ता तथा चित्रहरूको माध्यमबाट प्रदान गर्दछ। पढ्न जानेमा विद्यार्थीहरूले पढ्दै गर्नसक्ने कामहरूबारे सल्लाह तथा अवसरहरु पनि उपलब्ध छ।

विकास उद्यमी विभिन्न क्षेत्रबाट प्रतिनिधित्व गर्ने युवा प्रोफेसनलहरु संलग्न भएको सोसियल ईनोभेसन हब हो जसमा युवाहरुले फरक तरिकाले विकास गर्नको लागि उद्यमशील सोचहरु साटासाट गर्छन् । नेपालमा सकारात्मक परिवर्तन प्राप्त गर्नको लागि भएका र बढ्दै गरेका चुनौतिहरुको सामना गर्न नवीन र स्मार्ट समाधानका बाटो खोजी फरक ढंगबाट विकासको डिस्कोर्स/छलफलमा युवाहरुलाई सहभागी गराउने यसको लक्ष रहेको छ ।

**पढ्न जाने प्लेटफर्मले निम्न उदेश्यहरु लिएको छ:**
१) नेपाली युवालाई विभिन्न उच्च शिक्षाका अवसरहरूसँग जोड्ने,
२) विपन्न समुदायहरूको लागि उच्च शिक्षा प्राप्त गर्न समान पहुँच प्रदान गर्ने
३) नेपाल र विदेशमा पाइने उच्च शिक्षा र छात्रवृत्तिको लागि आवेदन दिने प्रकृयालाई सहज बनाउने
४) विद्यार्थीहरुलाई इन्टर्नशिप, स्नातकपछिको काम तथा अरु विभिन्न अवसरका लागि तयार गरेर सहयोग गर्ने

यी सिद्धान्तहरूमा बसेर पढ्न जाने मार्फत 'विकास उद्यमी छात्रवृत्ति' प्रदान गरिन्छ। आफ्नो समुदायमा नेतृत्व सीप देखाउँदै र नविन तरिकाबाट स्थानीय समस्याको समाधान गर्न योगदान पुर्याएका दुई मेधावी युवालाई यसको लागि छनोट गरिन्छ। यसमार्फत उच्च शिक्षा (स्नातकोत्तर/मास्टर्स) हासिल गर्नको लागि आर्थिक सहायता चाहिने विद्यार्थीहरु मात्र छनोट गरिन्छ। हामी विश्वास गर्छौं कि प्रत्येक विद्यार्थीले आफ्नो समाजमा परिवर्तन ल्याउनसक्छ र त्यसमा आर्थिक अवस्थाले बाधा पुर्याउनु हुँदैन।

विकास सम्बन्धी कुनै पनि विषय, जस्तै विकास अध्ययन (डिभेलपमेन्ट स्टडिस), समाजशास्त्र (सोसियोलोजि), अर्थशास्त्र (एकोनोमिक्स), व्यापार (बिसिनेस), या तथ्याङ्क (स्टाटिस्टिक्स)मा स्नातकोत्तर (मास्टर्स) पढ्न थाल्न लागेका वा पढीरहेका विद्यार्थीहरुले यसमा आवेदन दिन सक्छन्। छात्रवृत्तिको सम्पूर्ण अवधिमा अधिकतम रकम रु ५०,००० प्राप्त गर्न सक्छ। नेपालमा कुनै विश्वविद्यालयसँग सम्बद्धन प्राप्त सार्वजनिक शैक्षिक संस्थामा पढिरहेका विद्यार्थीहरूलाई प्रमुख प्राथमिकता दिइनेछ। छात्रवृत्ति पाउने विद्यार्थीहरुलाई 'विकास उद्यमी स्कलर' भनिनेछ ।

विकास उद्यमी स्कलरले प्रशिक्षार्थीको रुपमा प्रति हप्ता २० घण्टाको दरले विकास उद्यमीमा काम गर्ने मौका पाउँछन्। यस अवसरको लागि छात्रवृत्ति बाहेक यातायात खर्चस्वरुप थोरै भत्ता प्रदान गरिनेछ। यदि काठमाडौं उपत्यका बाहिर बस्ने हो भने अनलाइन मार्फत योगदान गर्नुपर्ने हुन्छ। विकास उद्यमीमा प्रशिक्षार्थीको रुपमा योगदानको अवधी निम्नानुसार छ:

- २४ महिना छात्रवृत्ति = विकास उद्यमीमा २४ महिना
- १८ महिनाको छात्रवृत्ति = विकास उद्यमीमा २१ महिना
- १२ महिनाको छात्रवृत्ति = विकास उद्यमीमा १८ महिना

# <u>योग्यता मापदण्ड</u>

**१) शैक्षिक उपलब्धिहरु**

न्यूनतम आवश्यकता स्नातक तहको अन्तमा ३.२ GPA वा ५५% अंक ल्याउनुपर्ने हो। अध्ययनको क्षेत्र स्नातकोत्तर (मास्टर्स) तहमा विकास अध्ययन (डिभेलपमेन्ट स्टडिस), समाजशास्त्र  (सोसियोलोजि), अर्थशास्त्र (एकोनोमिक्स), व्यापार (बिसिनेस), या तथ्याङ्क (स्टाटिस्टिक्स) हुनसक्छ। आवेदकले आवेदन दिएको समयमा पहिलो वा दोश्रो सेमेस्टरमा भर्नाभएको वा पढ्दै गरेको हुनुपर्छ। पढिरहेको प्रमाण देखाउन प्रवेश फारम, प्रवेश पत्र वा मार्कशीटलाई पेश गर्नुपर्छ।

**२) आर्थिक आवश्यकता**

आवेदकले कागजपत्रसँगै परिवारले तपाईँको उच्च शिक्षाको लागि आर्थिक सहयोग गर्न सक्दैन भन्ने प्रमाण पनि पेश गर्नुपर्छ । अन्तिम निर्णय छनोट समितिको हातमा हुनेछ।

**३) नेतृत्व र सामुदायिक संलग्नता**

आवेदकले विस्तृत रूपमा सामुदायिक सहभागिता र नेतृत्व लिएको उदाहरण देखाउनु पर्छ। आफ्नै संगठन वा संस्था सुरु गरेको, अन्यसंस्थाहरूमा योगदान दिएको वा स्थानीय सरकारी निकायहरूमा सहभागी भएको प्रमाणपत्र आदि देखाउन सकिन्छ ।

# <u>छनोट मापदण्ड</u>

**चरण १: आवेदनको चरण**

यस आवेदन फारम www.padhnajane.comमा अंग्रेजी र नेपालीमा उपलब्ध छन्। त्यसलाई अनलाइन वा कागजी प्रकृयाबाट बुझाउन सकिन्छ। सबै आवेदकहरुले आफ्नो आवेदन padhnajane@bikasudhyami.com मा पठाउनु सक्नुहुन्छ वा चाकुपाट स्थित विकास उद्यमीको कार्यलयमा  लगेर आफैले बुझाउनसक्नुहुन्छ।

पहिलो चरणमा समावेश गर्नुपर्ने कागजातहरु यस प्रकार छन्:

- पूर्ण आवेदन फारम
- सी भी (CV)
- बढीमा ५०० शब्दको निबन्ध (विषय: "तपाईं अभिनव तरिकामा तपाईंको समुदायमा कसरी योगदान गर्दै हुनुहुन्छ?")
- दुई जनाबाट रेफरेन्स लेटर
- प्रवेश पत्र / प्रवेश फारम / मार्कशिट - कलेजमा पहिलो वा दोस्रो सेमेस्टरमा भर्ना भएको प्रमाण खुलाउन सक्ने। यदि आवेदक तेस्रो वा चौथो सेमेस्टरमा छन् भने योग्य हुनेछैनन्।
- स्नातक तहको प्रमाणपत्र वा ट्रान्सक्रिप्ट
- नागरिकताको प्रमाणपत्र

नोट: सम्पूर्ण कागजपत्रहरु पुर्याएर आवेदन दिने आवेदनहरूलाई मात्र छनोट समिति द्वारा स्वीकृत गरिनेछ।

*<u>आवेदन दिने मिति: १५ नोभेम्बर, २०१७ (कार्तिक २९, २०७४)</u>*

**चरण २: अन्तर्वार्ता, योग्यता परीक्षण र प्रस्तुति**

छनौट गरिएका आवेदकहरूलाई दोस्रो चरणमा बोलाइनेछ। यो चरण तीन भागमा विभाजित छ: १) अन्तर्वार्ता, २) योग्यता परीक्षण मूल्यांकन र ३) प्रस्तुतीकरण।

यो चरणमा उम्मेद्वारले आफ्नोबारे विस्त्रित जानकारी दिनुपर्छ। यो चरण आवेदकहरूको लागि विकास उद्यमी र यस छात्रवृत्तिकोबारे थप जानकारी पाउने अवसर पनि हो। यदि आवेदक काठमाडौंबाट बाहिर भएमा छनोट समितिले स्काइप मार्फत अन्तर्वार्ताको लागि प्रबन्ध

मिलाउनेछ। अन्तर्वार्ताको अतिरिक्त, एक योग्यता परीक्षण हुनेछ जहाँ आवेदकले लिखित टेस्ट वा एक्सेल टेस्ट वा सानो अनुसन्धान गर्नु पर्नेहुन्छ। यो भागमा कुनै पूर्वतयारीको आवश्यकता पर्दैन।

तेस्रो भागमा आवेदकले एउटा छोटो प्रस्तुति गर्नुपर्छ। "मेरो स्नातकोत्तर (मास्टर्स) डिग्री यसरी प्रयोग गर्नेछु" भन्ने विषयमा आवेदकले १० मिनेटको प्रस्तुती गर्नुपर्छ। आवेदकले प्रस्तुति दिँदा मन लागेको तरिका अपनाउन सक्छन्। सो दिनमा प्रस्तुतीकरणको लागि तयारी समय हुने छैन, त्यसैले सबै बोल्ने अंक र आवश्यक अन्य सामग्रीहरू सुरुमै तयारी गरेर आउनुपर्छ। आवश्यक परेमा कम्प्युटर र प्रोजेक्टर उपलब्ध हुनेछ।

*मिति: डिसेम्बर ४-८, २०१७ (मङ्सिर १८-२२) को हप्तामा*

**स्कलर घोषणा**
चरण २ मा आवेदकहरुको योग्यता हेरेर मुल्यांकन र समीक्षा पछि, दुई जनालाई विकास उद्यमी छात्रवृत्ति स्कलर घोषित गरिनेछ।

*मिति: डिसेम्बर १५, २०१७ (मङ्सिर २९, २०७४)*

# समयावधी

**आवेदन म्याद:** नोभेम्बर १५, २०१७ (कार्तिक २९, २०७४)
**चरण २:** डिसेम्बर ४-८, २०१७ (मङ्सिर १८-२२) को हप्तामा
**स्कलरको घोषणा:** डिसेम्बर १५, २०१७ (मङ्सिर २९, २०७४)

# विकास उद्यमी स्कलर आचार संहिता

छानिएका आवेदकहरुले विकास उद्यमी स्कलर आचार संहिता पालन गर्नुपर्छ। आचार संहिताको कुनै पनि बुँदा उल्लङ्घन गरिएमा छनोटसमिति द्वारा समीक्षा हुनेछ, र छात्रवृत्ति गुमाउनु पर्ने अवस्था पनि हुनसक्छ।

**१) न्यूनतम शैक्षिक उपलब्धि**
विकास उद्यमी स्कलरहरुले न्यूनतम 3.2 GPA औसत (बी +, 55% या सो बराबर) भन्दा धेरैअंक ल्याएको हुनुपर्छ।

**२) ट्यूशन बिल**
विकास उद्यमी स्कलरले कलेजमा ट्यूशन शूल्क भुक्तानि गर्नको लागि padhnajane@bikasudhyami.com मा सबै आवश्यक निर्देशन र जानकारी पठाएको हुनुपर्छ। शिक्षण शुल्क विकास उद्यमीले सम्बन्धित कलेजको लेखा शाखालाई सिधै भुक्तानी गर्नेछ। स्कलरलाई अधिकतम रकम प्रति सेमेस्टर रु १२,५०० गरी, दुई वर्ष मास्टर डिग्रीको लागि जम्मा रु ५०,००० दिइनेछ।

**३) विकास उद्यमी प्रशिक्षार्थी**
विकास उद्यमी छात्रवृत्ति स्कलरले विकास उद्यमीमा प्रशिक्षार्थी(YDEA) को रुपमा काम गर्ने अवसर पाउनेछन्। यस अवधिमा स्कलरले २० घण्टा प्रति हप्ता काम गर्नुपर्ने हुन्छ । यातायात र खाजा खर्च स्वरुप थोरै भत्ता दिइनेछ ।

**४) विकास उद्यमी छात्रवृत्ति स्कलरबाट अपेक्षा**
छात्रवृत्ति स्कलरले विकास उद्यमीको विभिन्न कार्यक्रमहरुमा सहयोग गर्नुपर्छ । नियमित रुपमा विभिन्न अनलाइन र व्यक्तिगत तवरबाट वाह्य पक्षहरुसँग भेटघाट वा छलफल गर्नुपर्छ । विकास उद्यमीका विभिन्न कार्यक्रमहरुलाई सहयोग पुर्याउने खालका लेख वा ब्लगहरु पनि तयार पार्नुपर्ने हुन्छ । ती सबै काममा स्कलरबाट पूर्ण व्यवसायिक प्रयत्न हुनेछ भन्ने विकास उद्यमीको अपेक्षा छ ।

# बारम्बार सोधिने प्रश्नहरु

**के म विकास उद्यमी छात्रवृत्ति पाउन योग्य छु?**
निम्न योग्यता पुर्याएमा पाउन सक्नुहुन्छ:

- स्नातकोत्तर (मास्टर्स) कार्यक्रममा पहिलो वा दोस्रो सेमेस्टरमा भर्ना भएको
- नेपाली विश्वविद्यालयबाट सम्बद्धन पाएको कुनै सार्वजनिक शैक्षिक संस्थामा अध्ययन गर्दै गरेको
- स्नातक तह (ब्याचलर) डिग्रीमा न्युनतम ३.२ GPA वा ५५% वा B+ औसत अंक ल्याएको
- आर्थिक अवस्था कमजोर भएको प्रमाण पुर्याउन सक्ने
- सामुदायिक कामहरुमा सहभागि भइ सामाजिक समस्याहरु समाधान गर्नको लागि नेतृत्वदायी भूमिका खेलेको

**मैले कसरी आवेदन दिन सक्छु?**
तपाईंले निम्न कागजातहरुलाई padhnajane@bikasudhyami.com मा पठाउन सक्नुहुन्छ:

- पूर्ण आवेदन फारम
- सी भी (CV)
- बढीमा ५०० शब्दको निबन्ध (विषय: "तपाईं अभिनव तरिकामा तपाईंको समुदायमा कसरी योगदान गर्दै हुनुहुन्छ?")
- दुई जनाबाट रेफरेन्स लेटर
- प्रवेश पत्र / प्रवेश फारम / मार्कशिट - कलेजमा पहिलो वा दोस्रो सेमेस्टरमा भर्ना भएको प्रमाण चाहिन्छ। तेस्रो वा चौथो सेमेस्टरमा पढ्नेहरु अयोग्य हुनेछन्
- स्नातक तहको प्रमाणपत्र वा ट्रान्सक्रिप्ट
- नागरिकताको प्रमाणपत्र

**मैले यस छात्रवृत्तिलाई कायम राख्न के गर्न आवश्यक छ?**
तपाईंको छात्रवृत्ति कायम राख्न दुई मुख्य कुरामा ध्यान दिनुपर्छ

- तपाईंले कम्तिमा ३.२ GPA वा ५५% वा B+ कायम राख्नु पर्छ
- तपाईंले विकास उद्यमीमा प्रशिक्षार्थी (YDEA) कार्यक्रममा भाग लिनु पर्छ।

**काठमाण्डौं बाहिर बस्ने विद्यार्थीहरुले पनि आवेदन दिन सक्छन्?**
नेपाल भित्र कुनै पनि ठाउँमा बस्ने विद्यार्थीहरुले विकास उद्यमी छात्रवृत्तिको लागि आवेदन दिन सक्छन्। विकास उद्यमीमा प्रशिक्षार्थी(YDEA) को रुपमा काम गर्नको लागि पनि अनलाइन माध्यमबाट गर्न सकिन्छ । आफ्नै समुदायमा गएर पनि काम गर्न सकिन्छ तर काम गरेको प्रमाण भने देखाउनुपर्छ ।

*************************************************